निर्णयहरू:-

यस अघि बसेको जिल्लाको जिल्लागत Crisis Management Center को बैंठकको निर्णयहरुको कार्यान्वयनको बारेमा बैंठकमा छलफल तथा समिक्षा गर्नुका साथै निम्न निर्णयहरु गरियो ।

निम्न:-

१. मकवानपुर जिल्लामा कोभिड-१९ संक्रमणको जोखिम तीव्र रुपमा बढ्दै गइरहेकोले पार्टी प्यालेसहरुमा हुने भिडभाड नियन्त्रण हुन नसकेको अवस्थालाई मध्यनजर गर्दै मिति २०७८ साल बैशाख महिना १४ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि मिति २०७८-०१-०७ मा भएका निर्णय नं.१.६ अनुसार विवाह वा बरतबन्धलाई पार्टी प्यालेस प्रयोग गर्नु पर्ने भएमा पूर्व स्वीकृति दिने प्रावधानलाई खारेज गरी पार्टी प्यालेसलाई पूर्ण रुपमा बन्द गराउने।
२. संक्रमणको क्रम बढ्दै जाँदा अक्सिजनको आपूर्तिलाई सहज बनाउन अक्सिजन सिलिण्डर आपूर्ति गर्ने व्यवसायसँग हाल मौज्दातमा रहेका अक्सिजनको विवरण माग गर्न र जिल्लाभित्र अक्सिजनका अभाव श्रृजना हुन नदिन निरन्तर अनुगमन गर्न जिम्मेवारी स्वास्थ्य कार्यालय मकवानपुरलाई दिन ।
३. संक्रमणको जोखिम उच्च रहेका क्षेत्र र सबै स्थानीय तहमा कोभिड परीक्षण (PCR र एन्टीजिन) लाई अनिवार्य बनाउन परीक्षणको योजना तयार गरी परीक्षणका दायारा विस्तार गर्न सबै स्थानीय तह र स्वास्थ्य कार्यालय मकवानपुरलाई दिने ।
४. दक्षिणी नाकाबाट मकवानपुर जिल्लामा प्रवेश गर्ने यात्रुहरुको हेटौंडा बस पार्कमा ज्वरो नाप्ने/परीक्षण गर्ने, साबुन पानीले हात धुन लगाउने, मास्क र सेनेटाइजरको प्रयोग गर्न लगाउने लगायतका कार्यहरु सामुदायिक प्रहरीसँग समन्वय गरी रोटरी क्लव, जेसीस तथा लायन्स क्लवहरुले आपसी सहयोगमा संचालन गर्ने/गराउने व्यवस्था मिलाउने ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय मकवानपुर

२०७८/१/१२
भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी